सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन


## होटल बिक्रिमा




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क -९८४२९९४३३०


■ बर्ष-१५, ▸▸ अंक ३८९ भदौ १ मंलबार,२०७८, August– 17 Tuesday 2021यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/-www.majhkharka.com



***मामाको घोडा भान्जाको हिहि भनेको यहि हो ।*** करदाता सेवा कार्यालय उदयपुरका कार्यालय सहायक शिब जोशी स १ ब ८८४ नम्बरको सरकारि स्कुटर साउन ३२ गते सोमबार बिहान ७ बजे गाईघाटको ढिम्की मन्दिरमा बोलबमको लुगा लगाएर इन्द्रेश्वर महादेबको दर्शन पुजा गरी गाईघाटतर्फ फर्कदै । तस्बिर - बुद्धि कुमार राई

# हाकिमले हैरान त्रियुगा नगरपालिका

❖ बुद्धि कुमार राई

*त्रियुगा,साउन ३२*

त्रियुगा नगरपालिका उदयपुर साउन ३१ गते आईतबार देखि प्रमुख प्रशासकिय अधिकृत बिहिन भएको छ । प्रमुख प्रशासकिय अधिकृत लक्ष्मणबहादुर थापाको यस अघि साउन पहिलो हप्तानै सरुवा हुन चाहान्थे तर मन्त्रालयले सरुवा नगरेपछि उनी नै हाकिम थिए । २०७६ साल असार ३ गते त्रियुगा नगरपालिका उदयपुरमा सरुवा भएर आएका थापाको दुई बर्ष पुरा भए सँगै सरुवा भएर जान चाहान्थे ।

*- बाँकी ३ पेजमा*

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना । तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला ।




नेतृत्व बिहिन त्रियुगा उद्योग बाणिज्य संघ ।









यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा बिक्री गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ।
उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।
न्यु हलेसी फुटवेयर सप्लार्यस। त्रिनपा ११ गाईघाट, उदयपुर ।
प्रोपाइटर - सुमन कटुवाल। सम्पर्क ९८५१११०१६८।


# ढिम्की मन्दिरमा एक लाख भक्तजन

❖ बेद कुमारी राई

*त्रियुगा, साउन ३२*

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा रहेको ढिम्कि शिव मन्दिरमा साउन महिनाको अन्तिम सोमवारको दिन शिवलाई पुजा आजा गर्ने भक्तजनहरुको भिड लागेको छ । २०७८ सालको साउन महिनामा ५ वटा सोमबार परेको हुनाले मन्दिरमा पुजा गर्न आउने मानिसको संख्या १ लाख बढि आएको मन्दिर ब्यबस्थापन समितीका सहसचिव बद्रिप्रसाद काफ्लेले बताए ।





त्रियुगा नगरपालिका ११ गाईघाटका तुलसा पोखरेल भन्छिन् हिन्दु धर्मअनुसार ५ वटा सोमबार परेको एकदमै राम्रो मानिने भएकाले यस वर्ष ५ वटा सोमबारको व्रत लिय । आफ्नो श्रीमानको आयु लामो हुने,परिवारलाई शुखशान्ति मिल्ने भन्ने विश्वासले मन्दिरमा पुजा गर्न आएकी पोखरेलले बताउँछिन् ।

त्रिनपा १० बोक्से गाईघाटका ओम खड्काको भनाई चाहि यस्तो छ । यस मन्दिरको पुन: संरचनाको लागि,मन्दिरको रक्षाकोलागी विषेश भुमिका खेल्ने ओम खड्काका अनुसार साउन महिना भएकाले शिवको विशेष पुजा आरधना हुने र हिन्दुलगायत सबै महिला तथा पुरुष आएर आफ्नो आस्था राख्ने गरेको बताए । उनको बिचारमा एकआपसमा सद्भाव,एकिकृत,सहनसिल भएर बस्नको लागी नै बनाएको स्थल भनेर मन्दिरलाई खड्का चिन्छन् । सोमबारको ब्रतले उनलाई आत्मासन्तुस्टिको लागी मदत मिलेको बताए ।

त्रियुगा नगरपालिका ११ का स्थानिय राम खड्काका अनुसार धर्म आस्था र विश्वासको कारणले यस मन्दिरमा आउने गरेको र आफुले चाहेको मागेको कुरा पुरा हुने भन्ने कुराको विश्वासका साथ दर्शन गर्न आफु उपस्थीत भएको बताए ।

त्रि.न.पा.११ का बबिता खड्का यस बर्षको साउन महिनाभरि यस मन्दिरमा शिवको आरधना गरेको र आफुले मागेको कुरा पुराहोस् भन्ने मनले मन्दिर आएकी बताईन् ।

# १९ औं हाकिम खोज्दै त्रियुगा नगरपालिका

❖ बुद्धि कुमार राई

*त्रियुगा,साउन ३२*

उनी सरुवाको चाँजोपाजो मिलाउन सात २ गते मन्त्रालय गएका थिए। तर अन्तमा नी साउन तेस्रो साता त्रियुगा नगर पालिकामै हाजिर हुन आए। २०५४ सालमा स्थापना भएको त्रियुगा नगरपालिकाको पहिलो कार्यकारी अधिकृत थिए शाखा अधिकृत शंकरबहादुर कार्की। उनी २०५४ साल साउन २२ गते आएर ६ महिना काम गरी २०५४ साल माघ २९ गते सरुवा भएर गए।

शाखा अधिकृत कार्यालय प्रमुख रहेको नगरपालिकामा ११ जना शाखा अधिकृत आईसकेपछि २०७० साल असोज ६ गते उपसचिव तहको कार्यालय प्रमुख कार्यकारी अधिकृत हुने गरेर खड्ग बहादुर कार्की आए। कार्की ३ बर्ष १८ दिन काम गरेर २०७३ साल कातिक २४ गते सरुवा भएर गए। त्रियुगा नगरपालिकाको १८ औं कार्यालय प्रमुख तथा सातौं उपसचिब भएर आएका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण बिक्रम थापा २०७६ साल असार ३ गते आएका थिए। सामान्य रुपमा एउटा कार्यालयको कार्यालय प्रमुख दुई बर्ष काम गरेर अर्को ठाउँ सरुवा हुने व्यबस्था छ।

थापा आएका अहिले २ बर्ष दुई महिना भयो। प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण बिक्रम थापा २०७८ साउन २ गतेदेखि बिदामा गए र साउन तेस्रो साता फर्किए। उनले निमित्त प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी नगरपालिकाका बरिष्ठ अधिकृत बिश्वजित राईलाई जिम्मा लगाएर गएका थिए। साउन ३१ गते आईतबारदेखि किरण कार्कीलाई निमित्त प्रमुख प्रशासकिय अधिकृतको जिम्मा दिएर थापा मन्त्रालय गएका छन्।








१९ औं हाकिम को ?



बिश्वजित राई
निमित्त प्रमुख प्रशासकिय अधिकृत
त्रियुगा नगरपालिका, उदयपुर



किरण कार्की
निमित्त प्रमुख प्रशासकिय अधिकृत
(त्रियुगा नगरपालिका, उदयपुर)

## हत्यारा...

अब बाँकी रहेका २८ जनामा पाँचजना त गोलरक्षकमात्र छन्। जसमा किरण कुमार लिम्बू, विशाल श्रेष्ठ, दिप कार्की, विकेश कुथु र अर्पण कार्की रहेका छन्। अन्य खेलाडीमा सुमन अर्याल, दिनेश राजवंशी, गौतम श्रेष्ठ, अनन्त तामाङ, रोहित चन्द, सुरजज्यू ठकुरी, सुमन लामा, कमल थापा मगर, नितिन थापा, तेज तामाङ, राजन गुरुङ र पुजन उपरकोटी छन्। विशाल राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ र सुनिल बल पनि टोलीमा परेका छन्।

मनिष डाँगी, अञ्जन विष्ट, आयुष घलान, नवयुग श्रेष्ठ, आशिष लामा, अभिषेक रिजाल र शिशिर लेखी पनि २८ भित्र पर्न सफल भएका छन्। यसमध्ये राजन, अर्पण र लेखी पहिलोपटक दोस्रो चरण अर्थात २८ भित्र आउन सफल भएका हुन्। अब मुख्य प्रशिक्षकले यहि टोलीलाई अन्तिम घोषणा गरेभने त झन् यी तीन खेलाडी पहिलोपटक राष्ट्रिय टोलीमा ठाउँ बनाउन सफल हुनेछन्। नेपाली टोली अहिले साफ च्याम्पियनसिपको लागि बन्द प्रशिक्षणमा व्यस्त छ।

प्रशिक्षक अल्मुताइरीले प्रशिक्षणको लागि पोखरा रोजेपछि टोली अभ्यासको लागि एक हप्ताअघि पोखरा गएको थियो। साफ च्याम्पियनसिप अघाडि नेपालले भारतसँग दुई मैत्रीपूर्ण खेल खेल्ने योजना पनि बनाएको छ। अहिले टोली पोखरामा भएपनि भारतसँगको मैत्रीपूर्ण खेलभने काठमाडौंमा खेलाइनेछ। सुरुमा नेपालले साफ आयोजना गर्ने कुरा नजिक भएपनि पछि मल्दिभ्सले दाबी गरेपछि उसैलाई आयोजनाको जिम्मेवारी दिइएको हो। माल्दिभ्सले यहि अक्टोबर १ देखि १३ सम्म साफ च्याम्पियनसिप आयोजना गर्दैछ।




| | |
|---|---|
| चिकेन म:म:............... | १०० |
| चिकेन फ्राई म:म: ...... | .१२० |
| चिकेन सी म:म............ | १५० |
| चिकेन चाउमिन ......... | ..१५० |
| अण्डा चाउमिन............ | ..१०० |
| भेज चाउमिन.............. | ७० |
| भटमास चिउरा सादेको.. | .६० |
| चिकेन रोष्ट................. | ९० |
| चिकेन रोष्ट खाजा सेट.. | १५० |
| चिकेन सादेको................ | ३०० |
| चिकेन चिल्लि ................ | ३०० |
| चिकेन पकौडा.................. | ३०० |
| चिकेन फ्राई.................... | ..२०० |
| भेज पकौडा..................... | १०० |
| मटन पक्कु...................... | ४०० |
| पक्कु खाजा सेट ............ | ४३० |
| मटन भुटन...................... | ३०० |
| मटन भुटन खाजा सेट.... | ३३० |
| कोल्ड्रिंस पर ग्लास........ | .५० |
| हुक्का पर फेस............... | ३०० |




सानुमाया फर्निचर उद्योग



प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८४२९८५१८८

# राष्ट्रिय फुटबल टिमका २८ खेलाडी छानिए

❖ बिबेक राई

*गाईघाट, साउन ३१*

नेपाली महिला फुटबल टोलीका मुख्य प्रशिक्षक फिलिप्स ग्यारीले २८ जनाको टोली बनाएको एकदिनपछि नै पुरुष फुटबल टोली पनि २८ जनाको बनाइएको छ । पुरुष राष्ट्रिय फुटबल टोलीको लागि मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले पनि खेलाडी संख्या घटाएर २८ मा झारेका छन्। टोली अहिले बन्द प्रशिक्षणको लागि कास्कीको पोखरामा छ । पोखरामा बन्द प्रशिक्षणकै बेला कुवेती प्रशिक्षक अल्मुताइरीले टोलीबाट १० खेलाडी बाहिर निकाल्दै २८ को छनौट गरेका हुन् ।

सामान्यतः २३ जनाको टोली हुने भएकोले प्रशिक्षक अल्मुताइरीको यो नै अन्तिम छनौट भने नहुन सक्छ । उनले अझै केही खेलाडी घटाउने अनुमान लगाइएपनि २३ जनाको टोलीमा एकदुई खेलाडी थपघट हुनेगरि टोली बनाउन पनि सक्नेछन् । त्यसको लागि उनको अन्तिम घोषणा तथा छनौटको लागि पर्खनुपर्ने हुन्छ । सोमबारको लागि भने उनले १० खेलाडी घटाएर २८ जनाको टोली बनाएका छन् । उनले भरत खवास, सञ्जोग राई, रजिन धिमाल, विक्रम लामा जस्ता नाम चलेका खेलाडीलाई बाहिर निकालेका छन् ।

त्यसै गरि गोलरक्षक विशाल सुनार, रणदिप पौडेल, जर्ज प्रिन्स कार्की, राजिप लोप्चान, त्रिदेव गुरुङ र सेसेहाङ आङदाम्बे लिम्बू पनि बाहिरिएका छन् । बाहिरिएका खेलाडीमध्ये खवास त अहिले अभ्यास गरिरहेको बन्द प्रशिक्षणको सबैभन्दा बढि गोल गर्ने खेलाडी हुन् । खवासले ५६ खेलमा सात गोल गरिसकेका छन् । नेपाली राष्ट्रिय टोलीको लागि अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा बढि १३ गोल गर्ने खेलाडीको नाममा निराजन रायमाझी र हरि खड्काको नाम आएपनि अहिले अभ्यास गरिरहेको टोलीमा खवास सबैभन्दा अगाडि थिए ।

तर उनी अन्तिम छनौटमा पर्न असफल भइ टोलीबाट बाहिरिएका छन् । बाहिरिनेमध्ये राई, धिमाल, लामा, कार्की, गुरुङ र लिम्बू पछिल्लोपटक राष्ट्रिय टोलीमा परेका थिए । कार्की, लिम्बू र लामा एकवर्षअघि बंगलादेशसँगको मैत्रीपूर्ण खेल खेल्दा राष्ट्रिय टोलीमा थिएभने पछिल्लोपटक नेपालले नै आयोजना गरेको त्रिदेशीय फुटबल च्याम्पियनसिपमा राई, धिमाल र गुरुङ टोलीमा परेका थिए । तर त्यसपछि कुवेती प्रशिक्षक आएदेखि नयाँलाई प्राथिमिकता दिँदा उनीहरु टोलीमा परेका छैनन् ।

सोमबारको छनौटमा पनि पर्न असफल भइ उनीहरु बहिरिएका छन् ।

*- बाँकी ३ पेजमा*


## नारायणी ग्याँस
## गाईघाट, डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिरको पुलको दक्षिण ।







## प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, बिभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४



## Admission0



त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर

सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि

Faculties
➢Management
➢Humanities
➢Education

+2 मा भर्ना खुल्यो !

कार्यक्रम
आवेदन फारम वितरण भईरहेको छ ।
प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते

आवश्यकता अनुसार पुनः प्रवेश परीक्षा लिइने

९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०

Computer Science मा सिट सङ्ख्या मात्र 30 !

Campus Chief

Visit Us At Least Once, Then feel the Difference !!


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट